प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ७३ ॥ २०८१ वैशाख ०८ गते शनिबार (20th Apr 2024 Saturday)
Pratidin National Daily
मूल्य-रु.५/-

नेपाली चियाको निर्यातमा भारतको अवरोध

चिया बोकेका १६ ट्रक भारतीय भूमिमा थन्किए

• **लक्ष्मी उप्रेती,**

मेचीनगर । भारतले नेपालको प्रमुख निर्यात वस्तु चियामा अवरोध गरेको छ । गुणस्तर परीक्षणको बहानामा निर्यातमा अवरोध गरेको हो । परीक्षणका नाममा भारतीयको अवरोधका कारण नेपालबाट चिया बोकेर गएका ट्रक नेपाल-भारत सीमानाका पानीट्यांकीमा थन्किएका छन् । निकासी अवरोधकै कारण झापाको काँकरभिट्टा नाकामा पनि चिया लोड भएका ट्रक पार्किङमा रहेको नेपाली व्यवसायीहरुले बताएका छन् । पटक-पटक नेपाली अलैंची र अदुवा निकासीमा अवरोध गरिरहेको भारतीय पक्षले तेस्रो मुलुक निर्यात हुने अर्गानिक तयारी चियामा समेत बाधा पुर्याउन थालेपछि व्यवसायीहरुले चिन्ता व्यक्त गरेका छन् ।

भारतीय चियालाई बजारमा पुर्‍याउन नेपाली चियाको निर्यातमा भारतले कुनै न कुनै बहानामा अवरोध गरेको नेपाली चिया व्यवसायीहरु दाबी गर्छन् । नेपाली चिया गुणस्तरीय भएकाले आफ्नो चियाको बजार खस्किने सम्भावना देखेपछि भारतले नेपाली चियामा अवरोध गरिरहेको नेपाली चिया व्यवसायीहरुको दाबी छ ।

केहि दिन अघिदेखि चिया व्यवसायीहरुले यस बारेमा

❖ बाँकी तेस्रो पृष्ठमा

जामुनखाडी वनमा स्वतन्त्रका गिरी निर्वाचित

झापा(प्रस)। झापाको कन्काई नगरपालिकामा रहेको जामुनखाडी सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षमा स्वतन्त्रका पर्शुराम गिरी निर्वाचित भएका छन् ।

नेपाली कांग्रेस र नेकपा एमालेका दुईवटै प्यानललाई पराजित गरी स्वतन्त्र उम्मेदवार गिरी निर्वाचित भएका हुन् । गिरीले ४३१ मत ल्याएर शानदार जित हासिल गरिरहँदा नेकपा एमालेका उम्मेदवार सिता अधिकारीले १९२ र कांग्रेसका उम्मेदवार बुद्धिमान बोहोराले मात्र १४२ मत पाएका छन् ।

कनकाईमा शेरबहादुर थापा नेतृत्वको स्वतन्त्र समूहले यो तेस्रो जित हासिल गरेको हो । यसअघि स्वतन्त्रले खानेपानी उपभोक्ता समिति र प्रजापति सामुदायिक वन उपभोक्ता समूहमा जित हासिल गरिसकेको थियो ।त्यस्तै सचिव पदमा पनि स्वतन्त्रकै उम्मेदवार विजयी भएका छन् । सो पदमा स्वतन्त्रका दीपक ओली २९८ मतसहित विजयी भएका हुन् । उनका प्रतिष्पर्धीहरु कांग्रेसका एस कुमार अधिकारीले २२१ र नेकपा एमालेका दीपक बोहोराले २१५ मत ल्याएका छन् । उपाध्यक्षमा भने एमालेकी रेनुका खवास २६९ मतसहित निर्वाचित भएकी छन् । उनका प्रतिष्पर्धीहरु स्वतन्त्रकी चन्द्रा बुढाथोकीले २२७ र कांग्रेसकी तारा कोइरालाले २२१ मत पाएका छन् । कोषाध्यक्षमा कांग्रेसकी चेतकुमारी सापकोटा ३४३ मतसहित निर्वाचित भएकी छन् ।

त्यस्तै सदस्यहरुमा चित्रकुमार श्रेष्ठ , अर्जुनकुमार गिरी , गीता गुरागाँई , दिलबहादुर गिरी निर्वाचित भएका छन् भने बलबहादुर भुजेल , उषादेवी भुजेल , लुमा दाहाल अधिकारी , अशोककुमार न्यौपाने र जानुका गुरागाँई निरौला सदस्यमा सर्वसम्मत भएका छन् । निर्वाचित सदस्यहरुमा स्वतन्त्रका दुई तथा कांग्रेस र एमालेका एक-एकजना रहेका छन् । निर्वाचनमा तीन वटा प्यानल होमिएका थिए । स्वतन्त्र उम्मेदवार पर्शुराम गिरी, एमालेकी सिता अधिकारी र कांग्रेसका बुद्धिमान बोहोराको नेतृत्वमा तीनवटा प्यानल चुनावी मैदानमा होमिएका थिए ।

करेन्ट लागेर एक जनाको मृत्यु

इलाम(प्रस)। इलाममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । विजुलीको काम गर्ने क्रममा करेन्ट लागेर इलाम नगरपालिका-५ का ४२ वर्षीय दिलिप कुँवरको शुक्रबार दिउँसो मृत्यु भएको प्रहरीले जनाएको छ ।

इलामको सन्दकपुर गाउँपालिका लैजाँदै गरिएको नयाँ विद्युतको पोलमा काम गर्ने क्रममा इलाम नगरपालिका-८ स्थित महाभीर टोलमा कुँवरलाई ११ हजार भोल्टको करेन्ट लागेको थियो । कुँवरको शव डढेको अवस्थामा बिजुलीको पोलबाट खसेको थियो । मृतकको शवलाई पोष्टमार्टमको लागि इलाम अस्पतालमा लगिएको प्रहरीले जनाएको छ । घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय इलामका प्रहरी नायब उपरीक्षक प्रकाश जवेगूले जानकारी दिए ।

मुख्यमन्त्री कार्कीलाई हटाउने संकल्प प्रस्ताव बहुमतले पारित

झापा(प्रस)। कोशी प्रदेशसभामा नेकपा एमालेसहित विपक्षी गठबन्धनले पेस गरेको संकल्प प्रस्ताव शुक्रबार बहुमतले पारित भएको छ । सभामुख अम्बरबहादुर विष्टले संकल्प प्रस्तावको पक्षमा ५२ सांसद र मत दिन्न भन्ने पक्षमा जम्मा ३ सांसद रहेका कारण बहुमतले प्रस्ताव पारित भएको सभालाई जानकारी गराए । कांग्रेस सांसदहरू भने मत विभाजनमा सहभागी भएनन् ।

सभामुखले संकल्प प्रस्ताव पारितपछि प्रदेशसभाको विशेष अधिवेशनको औचित्य समाप्त भएको भन्दै अधिवेशन अन्त्य भएको घोषणा गरे ।

त्यसअघि संकल्प प्रस्तावका पक्षमा बोल्दै माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ् बोले 'विश्वासको मत पनि लिन्नँ, राजीनामा पनि दिन्नँ'भन्ने मुख्यमन्त्रीको अभिव्यक्ति गैरजिम्मेवार भएको र यसले सरकारको नियत सफा नदेखिएको जनाए । 'अब मुख्यमन्त्रीले ३० दिनभित्र, मार्गप्रशस्त गर्नुपर्‍यो,' आङ्बोले भने, '१६८ (५) को सरकार चीरस्थायी हुन्छ भन्ने सोच गलत हो ।' संसद् विघटनको कुरा कल्पनाबाहिरको कुरा भएको भन्दै उनले थपे,' संसद्ले वैकल्पिक सरकार दिन नसक्दा विघटन गर्ने हो । तजविजका आधारमा संसद् विघटन हुन्न ।'

पूर्वमन्त्री नारायण बुर्जा मगर, माओवादी नेताहरू गोम्बु शेर्पा, गीता तिम्सिना, सपना दर्जी, एमाले सांसदहरू कमला दर्नाल, लिलाबल्लभ अधिकारी, विदुरकुमार लिङ्थेपु, तिलचन पाठक र जसपा सांसद निर्मला लिम्बूले संकल्प प्रस्तावको पक्षमा तथा कांग्रेस सांसदहरू खगेन्द्रसिंह आङ्वाङ र विनोद राईले प्रस्तावको विपक्षमा धारणा राखेका थिए ।

मुख्यमन्त्री केदार कार्कीले संसद्मा जवाफ दिँदै विगतमा आफूलाई मुख्यमन्त्री बनाउने बेलामा बहुमत नखोजिएको र अहिले बहुमत खोजिनु दुःखद रहेको बताए । 'मुख्यमन्त्रीमा समर्थन गर्ने बेलामा बहुमत खोजिएन । १६८ (५) को व्याख्या खोजियो त्यहीअनुसार मुख्यमन्त्री भएँ,' उनले भने । मध्यावधिमा जानबाट रोक्न राजनीतिक स्थायित्व कायम गर्नलाई त्यतिबेला सरकार बनेको बताए ।

संजिवनी बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-४, झापा
कर्मचारी आवश्यकता
प्रकाशित मिति २०८१/०१/०७

मिति २०८१/०१/०४ गते बसेको यस संस्थाको कर्मचारी छनौट उपसमितिको बैठकले गरेको निर्णय अनुसार यस संस्थालाई देहाय बमोजिमका कर्मचारीहरुको आबश्यकता भएको र खुला प्रतिस्पर्धाबाट पदपूर्ति गरिने हुँदा १८ बर्ष पुगेको इच्छुक नेपाली नागरिकहरुबाट निबेदन आह्वान गरिएको छ ।
१, **बिज्ञापन नं ०१/२०८०/०८१, (प्रथम पटक प्रकाशित)**
पद : संकलक
तह/श्रेणी: सहायक चतुर्थ श्रेणी
योग्यता: साधारण लेखपढ गर्न जान्ने र साइकल/मोटरसाइकल चलाउन जान्ने ।
काम गर्ने ठाउँ: भद्रपुर नगरपालिका क्षेत्र
उमेर: १८ वर्ष पुरा भएको
निबेदन दिने अन्तिम मिति: २०८१/०१/१४ गते दिनको ५ बजेसम्म ।
सम्पर्क मिति: २०८१/०१/१६ गते
निवेदन दिने स्थान: संस्थाको भद्रपुर सेवाकेन्द्रको कार्यालय भद्रपुर-१०, चन्द्रगढी सम्पर्क नं.०२३४५३१५७/९८४२६५२८२२
आवश्यक कागजात : हस्तलिखित निबेदन, नागरिकताको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रका प्रतिलिपि र हालसालै खिचेको पि.पि. साईजको फोटो २ प्रति ।
निबेदन दस्तुर: रु.३००/- फिर्ता नहुने ।

अव तपाईहरूकै शहर विर्तामोडमा प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त तपसिल बमोजिमका तालिमहरु संचालन भईरहेको सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

तालिमहरू : (बैदेशिक रोजगार तथा स्वदेशमा नै स्वरोजगार बन्नका लागि)

क्र.स.	संचालनमा रहेका तालिमहरू	अवधि
१.	केयर गिभर (Care Giver)	३९० घण्टा
२.	सहायक अभ्यङ्गकर्ता (Assistant Massage Therapist)	४२० घण्टा
३.	परम्परागत आयुर्वेद कार्यकर्ता (Traditional Ayurved Worker)	३९० घण्टा
४.	शारीरिक पुर्नस्थापना सहायक (Physical Rehabiliation Assistant)	४९० घण्टा

अन्य थप जानकारीको लागि :-
विर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर प्रा.ली.
अष्टाङ्ग आयुर्वेद फार्मेसी
विर्तामोड न.पा. -१, राजगढ स्टेण्ड वाट १०० मिटर दक्षिण
सम्पर्क नं. ०२३-५३२३६६, ९८०६०३४४२६

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरूदण्ड सर्जन
समय: दैनिक सेवा

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
जिवनरक्षा पोलिक्लिनिक
एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

एसिया कप खेल्ने नेपालको सपना चकनाचुर

झापा(प्रस) । दोस्रो पटक एसिया कप खेल्ने नेपालको सपना चकनाचुर भएको छ। एसीसी प्रिमियर कपको सेमिफाइनलमा नेपाल युएईसँग ६ विकेटले स्तब्ध बनेको हो। डिफेन्डिङ च्याम्पियनसमेत रहेको नेपालका प्रमुख ब्याटरहरू चल्न सकेनन्।

नेपालले दिएको १२० रनको सामान्य लक्ष्य युएईले १७.२ ओभरमा ४ विकेटको क्षतिमा पूरा गऱ्यो। युएईका लागि अलिशान सराफुले अविजित ५५ रन बनाए। त्यस्तै विष्णु सुकुमुरानले २८, साइद हैदरले १४, मोहम्मद वाशिम र आसिफ खानले समान १०-१० रन बनाए।

नेपका लागि गुल्शन झाले २ र सोमपाल काकमी र ललित राजबंशीले १-१ विकेट लिए।

त्यसअघि टस हारेर ब्याटिङ गरेको नेपालले निर्धारित ओभरको खेलमा ९ विकेट गुमाउँदै ११९ रन बनाएको थियो। नेपालका लागि सन्दीप जोराले सर्वाधिक ५० रन बनाए। त्यस्तै गुल्शन झाले २०, करण केसीले १७ रन बनाउँदा अन्य खेलाडीले दोहोरो अंकको रन जोड्न सकेनन्।

नेपालका प्रमुख ब्याटरहरू नै चल्न सकेनन्। कुशल भुर्तेल शून्यमै आउट हुँदा आरिफ शेखले ८ रन, कप्तान रोहित पौडेलले ५ रन, कुशल मल्लले ३, दीपेन्द्र सिंह ऐरीले ५ रन बनाए।

नेपाल समूह चरणको खेलमा भने अपराजित रहेको थियो। नेपालले मलेसिया, कतार, हङकङ र साउदीलाई पराजित गरेको थियो।

सार्वजनिक बिदामा पनि कार्यालय खुला रहने

झापा(प्रस) । सरकारले दिएको चाडपर्वको बिदामा पनि अबदेखि जिल्ला प्रशासन कार्यालय झापा खुल्ला रहने भएको छ । प्रशासन कार्यालयले सूचना जारी गर्दै सार्वजनिक बिदामा समेत सेवा प्रवाह हुने जानकारी गराएको छ ।

बैशाख ५ गते राम नवमीका दिन अन्य सरकारी कार्यालय बन्द रहेपनि प्रशासन कार्यालय भने खुला थियो । त्यो दिन पनि कर्मचारीले सेवा प्रवाह गरेका थिए । नेपाल राजपत्रमा प्रकाशित गृह मन्त्रालयको सूचना अनुसार २०८१ साल बैशाख १ गतेदेखि चैत मसान्तसम्ममा पर्ने सार्वजनिक बिदाहरु बुद्ध जयन्ती, उभौली पर्व, गणतन्त्र दिवस, रक्षा बन्धन, श्रीकृष्ण जन्माष्टमी, घटस्थापना, उँधौली पर्व, क्रिसमस डे, तमु ल्होसार, माघी पर्व, सहिद दिवस, सोनाम ल्होसार, प्रजातन्त्र दिवस, महाशिवरात्रि, ग्याल्पो ल्होसार, इद लगायतका पर्वका दिन प्रशासन कार्यालय खुला रहने परिपत्र गरिसकेको जनाइएको छ ।

झापाको सहकारीमा लुटपाट गर्ने गिरोह पक्राउ

झापा(प्रस) । शृंखलाबद्ध रूपमा पूर्वको विभिन्न स्थानमा सहकारी लुटपाट गर्ने गिरोहलाई प्रहरीले पक्राउ गरेको छ । सहकारी लुटपाट गर्ने ६ जनाको समूहलाई प्रहरीले सुनसरीको इटहरीबाट शुक्रबार पक्राउ गरेको हो ।

पक्राउ परेको समूहले झापामा मात्रै विभिन्न १३ स्थानमा लुटपाट गरेको पाइएको छ । पक्राउ परेका ६ जनालाई अहिले झापा प्रहरीमा राखिएको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको आरआइटी, झापा र सुनसरी प्रहरीले संयुक्त रुपमा उनीहरुलाई पक्राउ गरेको छ ।

प्रहरीले पक्राउ गरेका आरोपितको नाम गोप्य राखेको छ । शनिबार पत्रकार सम्मेलन गर्ने तयारी झापा प्रहरीले गरेको छ । सहकारी लुटपाट गर्ने समूहलाई पक्राउ गरिएको झापा प्रहरी प्रमुख एसपी मिलन केसीले जानकारी दिए । 'केही व्यक्तिलाई नियन्त्रणमा लिएर सोधपुछको काम भइरहेको छ । शनिबारसम्म थप विषय खुल्नेछ,' एसपी केसीले भने, 'अहिले मैले यति मात्रै भने । यस घटनाको विषयमा पत्रकार सम्मेलन गरी विस्तृतमा जानकारी दिनेछौं ।' पक्राउ परेका समूहले झापामा मात्रै एक दर्जन बढी ठाउँमा लुटपाट गरेको सुरक्षा स्रोतले जानकारी दिएको छ । झापामा केही दिनअघि मात्रै गौरादह नगरपालिकाका तीन वटा सहकारी लुटपाट भएको थियो । पछिल्लो समय झापामा सहकारी लुटपाटको घटना बढ्दै गएको छ ।

झापामा ब्राउनसुगरसहित चार पक्राउ

झापा(प्रस) । झापामा लागूऔषध ब्राउनसुगरसहित चार जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय झापा तथा मातहत कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले जिल्लाका छुट्टाछुट्टै स्थानबाट ३ ग्राम ६ सय ४० मिलिग्राम ब्राउनसुगर र नगद १२ हजार ४६० रुपैयाँसहित चार जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा बुद्धशान्ति गाउँपालिका- १ का २३ वर्षीय रत्नबहादुर राय, मेचीनगर नगरपालिका- १० का २४ वर्षीय विक्रम राजवंशी, सोही ठाउँका २२ वर्षीय विशाल लिम्बू र मेचीनगर- १२ का २२ वर्षीय नेत्रबहादुर राई रहेका छन् । उनीहरुमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

नेपाली चियाको...

नदेखाउँदा भारतीय भन्सारले रोकावट गरेको बताए। गुणस्तरीय चिया उत्पादन हुने समयमा तयारी चिया खरिदकर्तासम्म पुग्न नसक्दा उत्पादकले अपेक्षाकृत मूल्य पाउन समस्या परेको देखिन्छ । नेपाली चिया र दार्जिलिङको चिया पनि त्यही बाटो भएर तेस्रो मुलुकसम्म जाने भएकाले नेपाली चियालाई विभिन्न बहानामा अवरोध गर्ने गरेको व्यवसायी बताउँछन् । चैतमा सुरु भएको चियाको सिजनमा भारतले अवरोध गरेको चिया उत्पादकले बताएका छन् । पानीट्यांकी भन्सार कार्यालयबाट चिया निकासीमा समस्याले यस क्षेत्रमा आश्रित श्रमिक र व्यवसायी मारमा परेको बताईएको छ ।

नेपालको चिया २८ भन्दा बढी मुलुकमा निर्यात हुने गरेको छ । नेपालबाट वार्षिक ३ अर्ब रुपैयाँभन्दा बढी रकमबराबरको चिया निकासी हुने गरेको भन्सार विभागले जनाएको छ । युरोप र अमेरिकी बजारमा बिक्री हुने उच्च गुणस्तरको तयारी अर्थोडक्स चिया नाकाबाटै समस्यामा पर्न थालेको व्यवसायीले गुनासो गरेका छन् ।

पूर्वी नेपालको सीमा नाका पानीट्यांकीस्थित भारतीय भन्सारले इलाम र पाँचथरको प्रमाणित अर्गानिक चिया निकासीमा विभिन्न बहानामा अवरोध गर्ने गरेको व्यवसायीले बताएका छन् । भारतीय भन्सारले चिया निकासी गर्दा कहिले भारतीय बैंकको ग्यारेन्टी र कहिले भारतीय कम्पनीकै बिमासमेत खोज्न थालेपछि नेपाली व्यवसायी आजित बनेका थिए । व्यवसायीले पानीट्यांकी नाकाबाट तेस्रो मुलुक निर्यात गर्ने चियामा भारतीय भन्सारले आवश्यकताभन्दा बढी सोधीखोजी गर्ने गरेको बताएका छन् ।

तेस्रो मुलुकमा तयारी चिया पठाउँदा व्यवसायीसँग उत्पत्तिको प्रमाणपत्र, बिमा, पुर्याउने स्थान, परिणामलगायतका सबै कागजात हुन्छन् । नाकामा तयारी चिया रोकेर अनेकन झन्झट बेहोर्न मन्त्रालयसम्म धाउनुपरेको छ । पानीट्यांकी नाकाबाट चिया निर्यात गर्न नसकेपछि रुट परिवर्तन गरेर टाढाका नाकासम्म पुर्याउन बाध्य हुनुपर्ने व्यवसायी बताउँछन् । नेपाली चियाको उत्पादन, निर्यातमा सहजता र बजार प्रवर्द्धनमा सरकारले सघाउने हो भने हाम्रो चिया किन्न विश्वका व्यापारी यहीं आउने छन् ।

सूचना प्रणालीको संस्थागत विकाससम्बन्धी अभिमुखीकरण

झापा(प्रस) । नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आयोजनामा झापाका उद्योगी-व्यवसायीहरुबीच सूचना प्रणालीमा संस्थागत विकास (र्यापिड मार्केट एसेस्टमेन्ट)सम्बन्धी अन्तरक्रियात्मक अभिमुखीकरण गरिएको छ ।

महासंघका कोशी प्रदेश उपाध्यक्ष कुमारमणि पोखरेलको अध्यक्षतामा भद्रपुर स्थित उद्योग संघको सभाहलमा सम्पन्न कार्यक्रममा उद्योगी-व्यवसायीहरुले श्रम बजारमा सूचना प्रणालीको संस्थागत विकासका लागि प्रदेश महासंघले थालेको प्रयास प्रशंसनीय भएको उल्लेख गर्दै हाल उद्योग प्रतिष्ठानहरुमा यसले कामदारसम्बन्धी माग र आपूर्तिको बेमेललाई सम्बोधन गर्ने बताएका थिए ।

झापा उद्योग संघका अध्यक्ष यमबहादुर श्रेष्ठले श्रम बजारसम्बन्धी अध्ययन नभएकाले रोजगारदाताले दक्ष कामदार पाउन नसकेको उल्लेख गरे । उनले चिया, चामल उद्योगहरुमा अहिले पनि दक्ष कामदारको अभाव रहेको बताए ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य नरेन्द्रकुमार खड्काले मुलुकको समग्र परिस्थितिमा सुधार नभएसम्म उद्योग प्रतिष्ठानहरुले प्रगति गर्न नसक्ने बताए । उनले लगानीमैत्री वातावरण निर्माणका लागि नीति आवश्यक रहेको बताउँदै सोही अनुसार उद्योग-व्यवसाय क्षेत्रको समस्या समाधान गर्नुपर्ने बताए ।

त्यस्तै, मेची उद्योग वाणिज्य संघका महासचिव एवम् भेनियर व्यवसायी दिनेश शाक्यले झापामा करिब चार हजार कामदार रहेको भेनियर उद्योगमा ९० प्रतिशत कामदार भारतीय रहेको बताए । उनले नेपाली कामदारलाई दक्ष बनाउन आवश्यक रहेको बताए ।

कार्यक्रममा समृद्धि हेल्भेटासका कार्यक्रम अधिकृत पोषराज निरौलाले उद्योगको सीपलाई आधार मानेर जनशक्ति उत्पादन गर्नुपर्नेमा जोड दिए । उनले सफ्टवेयर प्रणालीमा रोजगारदातालाई जोड्न खोजेको उद्योग प्रतिष्ठानहरु आफ्ना जनशक्तिलाई पनि दक्ष बनाउन उत्प्रेरणा जगाउनुपर्ने बताए ।

झापाका विभिन्न उद्योग-प्रतिष्ठानहरुका करिब ४० जना प्रतिनिधि सहभागी रहेको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका कार्यकारी निर्देशक राधारमण भण्डारी (श्याम)ले कार्यक्रमको उद्देश्य र विषयवस्तु प्रष्ट पार्दै यसमा जोडिन सबैलाई आग्रह गरे ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
...तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश , इलाम जिल्ला, देउमाई नगरपालिका वडा नं.-०३, स्थायी ठेगाना भई हाल इलाम जिल्ला, देउमाई नगरपालिका वडा नं.-०४, बस्ने श्री बिर बहादुर कार्कीका नाति श्री कृष्ण बहादुर कार्कीका छोरा महेन्द्र कार्कीको मिति २०८०/११/२५ गते मृत्यु भएकाले निजका नाममा यस बैंकको शाखा कार्यालय मंगलबारेमा रहेको वचत खाता नं. ०१६०१००००६३७७४००००१ मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाऊँ भनी मृतककी श्रीमती सुनिता राउतले मिति २०८१/०१/०४ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, मंगलबारे, इलाम
फोन नं. ०२७ -४००१५०

वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो ।

झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्राय:जसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् ।

सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,

- **वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौं ।**
- **खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।**
- **जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।**
- **स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।**
- **सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौ ।**
- **आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।**

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौ ।

डिभिजन वन कार्यालय, झापा सम्पर्क: ०२३४५२०५३, ९८५२६५५१८९

अभियान नेपाल

साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजना
परियोजनाको कार्यालय, कनकाई न.पा.-१,जामुनवाडी, झापा
इमेल: ngp.kankai@gmail.com

विद्युतीय बोलपत्र आह्वानको सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति: २०८१/०१/०७
सम्झौता संकेत नं.:01/NCB/NGP/IRRMTR/2080/81

कनकाई नगरपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारी तथा अभियान नेपालको सहजिकरणमा कनकाई नगरपालिकामा सञ्चालित साझेदारीमा कृषि तथा पशुपालन उद्यमशीलता विकास परियोजनामा आवश्यक सिँचाई मोटर प्रचलित सार्वजनिक खरिद ऐन नियम बमोजिम राष्ट्रियस्तरको खुल्ला विद्युतीय बोलपत्रको माध्यमबाट आपूर्तिकर्ता (बोलपत्रदाता) छनौट गरि खरिद गर्नुपर्ने भएको हुनाले इच्छुक, योग्य फर्म, कम्पनी वा संस्थाहरुको जानकारीको लागि यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।

बोलपत्र सम्बन्धी थप विवरण

सामाग्रीकोनाम	परिमाण	न्यूनतम बोलपत्र जमानतरकम	बोलपत्र जमानतको मान्य हुने न्यूनतम अवधि	बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोल्ने मिति र समय	बोलपत्रको मान्य हुने अवधि	बोलपत्र कागजाको दस्तुर रु.
सिंचाईमोटर	२०५ वटा	रु.१३१,०००	बोलपत्र खोल्ने दिनबाट १२० दिन	२०८१/०१/२३गते दिनको १२ बजे भित्र	२०८१/०१/२३गते दिनको १२ : ३० बजे, कनकाई नगरपालिका, झापा	बोलपत्र खोल्ने दिनबाट ९० दिन	३०००/-

इच्छुक बोलपत्रदाताले विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) (सार्वजनिक निकायको नाम:Kankai Municipality) मार्फत बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्र सम्बन्धि थप जानकारी यस परियोजना वा कनकाई नगरपालिकाबाट प्राप्त गर्न सकिनेछ।खरिद सम्बन्धी विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा संचालित विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) मा उपलब्ध बोलपत्र सम्बन्धित कागजात (Bidding Document) मा उल्लेख गरिएको छ।

सूचना सच्याई प्रकाशन गरिएको

कन्काई नगरपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारीमा संचालित "साझेदारीमा कृषि तथा पशुपालन उद्यमशीलता बिकास परियोजना"अन्तर्गत सिंचाई मोटर खरिदको विद्युतीय बोलपत्रको प्रतिदिन राष्ट्रिय दैनिकमा अंक ७०, मिति २०८१ बैशाख ५ गते प्रकाशित सूचना बमोजिम बोलपत्र सम्बन्धि कागजातका विवरण प्राबिधिक कारणले सार्बजनिक खरिद कार्यालयको वेबसाइटमा अपलोड हुन नसकेकोले उक्त सूचनालाई रद्द गरि तपसिल बमोजिम हुनेगरी यो सूचना प्रकाशन गरिएको छ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

भर्ना अभियानको प्रभावकारिता

सरकारले प्रत्येक वर्ष विद्यार्थी भर्ना अभियान सञ्चालन गर्दै आएको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार मुलुकको कुल साक्षरता दर ७६.२ प्रतिशत मात्र देखिनुले अझै पनि आधारभूत शिक्षाको पहुँचबाट बाहिरै रहेको २३.८ प्रतिशतलाई शिक्षाको मूल प्रवाहमा समाहित गर्न बाँकी नै रहेको देखिन आउँछ। यसमा पनि महिला साक्षरता दर ६९.४ र पुरुषको ८३.६ प्रतिशत हुनुले शिक्षामा समान पहुँच पुग्न नसकेकोसमेत स्पष्ट हुन आउँछ। सरकारले मुलुकको साक्षरता दरलाई शतप्रतिशत पुऱ्याउने लक्ष्यसाथ केही वर्षअघिदेखि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियान सञ्चालन गर्दै आएको छ। वैशाख २ गते आइतबारदेखि मुलुकभर एकसाथ प्रारम्भ गरिएको भर्ना अभियानमा 'सबै बालबालिकाको विद्यालयमा सहभागिता : गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने मूल नाराका साथ राज्य संयन्त्रदेखि अभिभावकसम्मलाई परिचालन गरिएको छ।

शिक्षा तथा मानवस्रोत विकास केन्द्रका अनुसार प्रारम्भिक बालविकास केन्द्रको अनुभव हासिल गरेका बालबालिका करिब ७० प्रतिशत छन्। यसमा पनि पाँच वर्ष उमेर पूरा भएका बालबालिकाको संख्या पाँच लाख ८२ हजार छ। विद्यालय जाने उमेर पूरा भएर पनि विविध कारणले विद्यालयबाहिर रहेका बालबालिकाको संख्या दुई लाख १३ हजार भएकाले यो संख्यालाई पुनः विद्यालयमा भित्र्याउने अभियानको लक्ष्य निकै चुनौतीपूर्ण देखिएको हो।

भर्ना अभियानसँगै सामुदायिक विद्यालयको शिक्षामा सुधार आवश्यक छ। निजी विद्यालयतर्फको बढ्दो आकर्षणलाई निरुत्साहित गर्न पनि यस किसिमका अभियान सञ्चालन गर्नु अपरिहार्य देखिन्छ। नजिकैको सामुदायिक विद्यालयमा विद्यार्थी अभाव हुने तर सोही स्थानको निजी विद्यालयमा भने भरिभराउ हुनुमा शिक्षण सिकाइका अतिरिक्त अन्य धेरै कारण हुन सक्छन्। सरकारले बालविकासदेखि नै विद्यार्थी भर्ना गरेर दिवा खाजादेखि आधारभूत शैक्षिक सामग्रीसमेत उपलब्ध गराउन थालेपछि केही हदसम्म भर्नादरमा सुधार आउन थालेको हो। मूल कुरा त शैक्षिक गुणस्तरमै ठोक्किन्छ। सामुदायिक विद्यालयको पठनपाठनमा सुधार गर्न अब ढिला गर्नु हुन्न। नयाँ शैक्षिक सत्रमा सात लाख १३ हजार विद्यालय उमेर समूहलाई विद्यालयमा ल्याउने गरी देशभर सञ्चालित भर्ना अभियानमा सबैभन्दा महत्वपूर्ण भूमिका स्थानीय तह, शिक्षक र विद्यालय व्यवस्थापन समितिको हुने स्पष्ट छ।

Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

दक्षिण कोरियाको निर्वाचन पाठ

• **यज्ञप्रसाद भट्टराई**

प्रजातान्त्रिक गणतन्त्रात्मक देश दक्षिण कोरियामा एकात्मक शासन व्यवस्था छ। राष्ट्रपति जनताद्वारा प्रत्यक्ष र गोप्य मतदानबाट निर्वाचित हुने र राष्ट्रप्रमुखको रूपमा रहने प्रावधान छ। देशको शासन सञ्चालनको कार्यकारी अधिकार एक्जुकेटिभ ब्रान्चमा रहने र उक्त ब्रान्चको प्रमुख राष्ट्रपति रहन्छन्। राष्ट्रपतिको पदावधि पाँच वर्षको हुने र ततपश्चात् पुनःनिर्वाचित हुन नसक्ने संवैधानिक व्यवस्था छ। डेमोक्रेटिक रिपब्लिक अफ कोरियाको संविधान जुलाई १७, सन् १९४८ मा जारी भएको हो। ततपश्चात् नौ पटक संशोधन भएको छ भने अन्तिम पटक अक्टुबर २९ सन् १९८७ मा संशोधन भएको छ। समृद्धि र विकासका लागि संविधान पटक पटक फेर्नु मात्र समाधान रहेन छ संशोधन गरेर पनि हुँदो रहेछ भन्ने यसबाट सिक्न सकिन्छ।

दक्षिण कोरियामा एक सदनात्मक व्यवस्था छ जसलाई नेसनल एसेम्बली भनिन्छ। नेसनल एसेम्बलीमा ३०० जना सदस्य रहने व्यवस्था छ। त्यहाँ मिश्रित निर्वाचन प्रणाली अपनाइएको छ। पहिलो हुने निर्वाचित हुने प्रणालीबमोजिम २५४ जना र मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्व (एमएमपिआर) बाट ४६ जना सदस्य निर्वाचित हुन्छन्। निर्वाचित सदस्यको पदावधि चार वर्षको हुने व्यवस्था छ। निर्वाचन व्यवस्थापन गर्ने निकायलाई नेसनल इलेक्सन कमिसन भनिन्छ, जुन स्वतन्त्र संवैधानिक निकायका रूपमा रहेको छ।

निर्वाचन हुने मिति निर्वाचनसम्बन्धी कानुनमा नै तोकिएको छ। नेसनल एसेम्बलीका सदस्यको कार्यकाल सकिनुभन्दा ५० दिनअघिको पहिलो बुधबार देशभर एकै पटक निर्वाचन हुने कानुनी व्यवस्था छ। १८ वर्ष पुगेका कोरियन नागरिकले मत दिन पाउने व्यवस्था रहनुका साथै १८ वर्ष पुगेको कोरियन नागरिक नेसनल एसेम्बलीको निर्वाचनमा उम्मेदवार हुन योग्य हुने व्यवस्था छ। निर्वाचन प्रचारप्रसारको अवधि जम्मा १३ दिनको हुने कानुनी व्यवस्था छ। दल तथा उम्मेदवारले चुनाव प्रचारप्रसार गर्दा सूचना सञ्चार प्रविधिको उच्च प्रयोग गर्ने गरेको पाइयो। चुनाव प्रचारप्रसार कार्यालय स्थापना गरी अभियानकर्मीद्वारा चुनाव प्रचार गर्ने र प्रचार माध्यम तथा सामग्रीमा बुलेटिन, पोस्टर र सडक ब्यानर राख्ने गरेको देखिन्छ। त्यसैगरी पत्रपत्रिका तथा प्रसारणसहित मिडिया आउटलेटमार्फत चुनाव प्रचारप्रसार गर्ने साथै सार्वजनिक स्थानमा भाषण र छलफल र दलहरूले पोलिसी डिवेट गरेर प्रचारप्रसार गर्ने व्यवस्था छ।

मतदातलाई आफ्नो मतदानको अधिकार प्रयोग गर्ने वा नगर्ने छनोट गर्ने स्वतन्त्रता छ। मतदानमा भाग नलिने मतदातालाई कुनै कानुनी सजाय हुँदैन। मतदान केन्द्र सामान्यतया सार्वजनिक कार्यालय वा स्कुल र सामुदायिक केन्द्रहरूमा पहिलो तलामा स्थापना गरिन्छ। पहिलो तला छैन भने लिफ्टको सुविधा भएको र अन्य सुविधासम्पन्न ठाउँमा मतदान केन्द्र स्थापना गर्ने कानुनी प्रावधान छ। मतदान केन्द्रमा मतदाता सङ्ख्या फरक फरक रहने व्यवस्था छ। सामान्यतया एउटा मतदान केन्द्रमा एक हजार देखि पाँच हजार सम्म मतदाता रहन सक्ने प्रावधान छ। निर्वाचनको दिन बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म रहने व्यवस्था छ। निर्वाचनको दिनमा मतदान गर्न योग्य मतदातामा घर मतदान, जहाज मतदान, विदेश मतदान र अग्रिम मतदानको समयमा मतदान गरेका मतदाताबाहेकका सक्षम निर्वाचन क्षेत्रभित्र दर्ता भएका मतदाताले मात्र मतदान गर्न पाउने व्यवस्था छ। मतदाताले मतदान केन्द्रमा आफ्नो परिचयपत्र देखाएपश्चात् उक्त परिचयपत्रको आधारमा कर्मचारीले नामावली रुजु गर्छन् र मतदाताले हस्ताक्षर वा औँठा छाप लगाउने र निर्वाचन अधिकृतले मतपत्र दिएपछि मतदान कक्षमा गई मतदाताले गोप्य रूपमा मतपत्रमा छाप लगाई दुवै मतपत्र एउटै मतपेटिकामा खसाल्ने व्यवस्था छ।

त्यसै गरी अग्रिम मतदानको व्यवस्था छ। यो व्यवस्था सन् २०१३ बाट सुरु गरिएको हो। निर्वाचन हुने दिनभन्दा अगाडिको पाँचौँ र छैटौँ दिनमा दुई दिन बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म अग्रिम मतदान गर्न पाउने व्यवस्था छ। अग्रिम मतदान गर्न पाउने योग्य मतदातामा घर भोटिङ, जहाज भोटिङ र विदेश भोटिङका लागि दर्ता भएका मतदाताबाहेक अन्य मतदाताले मतदान गर्न पाउँछन्। कुनै पनि मतदाताले आफ्नो नाम दर्ता भएको निर्वाचन क्षेत्रबाहेक देशभरको कुनै पनि अग्रिम मतदान केन्द्रबाट मत दिन पाउँछन्। अग्रिम मतदानमा मतदाताको परिचयपत्रको आधारमा एकीकृत मतदाता नामावलीमा प्रविधिबाट रुजु गरेपश्चात् मतदान केन्द्रमा नै मतपत्र प्रिन्ट गरी मतदातालाई दिइन्छ। मतदाताले मतपत्रमा छाप लगाएपछि सम्बन्धित जिल्ला बाहिरका मतदाताले दुवै मतपत्र खाममा राखी मतपेटिकामा खसाल्छन्। सम्बन्धित जिल्ला बाहिरका मतदाता र सम्बन्धित जिल्लाभित्रका मतदाताका लागि छुटछुटटै मतपेटिका रहने व्यवस्था छ।

राजनीतिक दल वा उम्मेदवारले गर्ने चुनावी खर्च सरकारले उपलब्ध गराउने व्यवस्था छ। राजनीतिक दल वा उम्मेदवारलाई निर्वाचन सकिएपछिको ६० दिनभित्र चुनाव प्रचारमा खर्च गरेको पैसा निर्वाचन खर्चको सीमाभित्र रहेर खर्च गरेको भएमा र तोकेका सर्त पूरा भएको स्थितिमा मात्र सरकारले परिपूर्ति गर्ने गर्छ। निर्वाचन व्यवस्थापनका हरेक चरणमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गरेको हुँदा निर्वाचन स्वच्छ, पारदर्शी र विश्वसनीय भएको थियो। नागरिक शिक्षा प्रभावकारी रूपमा सञ्चालन गरेको पाइयो। निर्वाचन तथा मतदाता शिक्षा प्राइमेरी तथा सेकेन्डरी स्कुलका विद्यार्थीलाई लक्षित गरी सञ्चालन गरेको देखियो, जसले अति प्रभावकारी नतिजा दिएको देखिन्छ।

यसरी १० अप्रिल, २०२४ मा सम्पन्न नेसनल एसेम्बलीको २२ औँ निर्वाचनमा ४,४२,८०,०११ मतदाता रहेकोमा ६७ प्रतिशत मत खस्यो जुन ३२ वर्ष यताकै उत्साहजनक मत मानिन्छ। यस निर्वाचनमा मतदान केन्द्र १४२५९ थिए भने २५४ मतगणना केन्द्र स्थापना गरिएको थियो। १० अप्रिलको बेलुकी ६ बजे मतदान सम्पन्न भयो भने सोही दिन राति ८ बजेदेखि सबै गणना केन्द्रमा एकै साथ मतगणना सुरु भई अर्को दिन सबै ठाउँको एकसाथ नतिजा निकालियो। यस निर्वाचनमा ३८ राजनीतिक दलले भाग लिएका थिए। कोरिया एउटा यस्तो देश हो जसले स्थानीय निकायको निर्वाचनमा गैरकोरियनलाई पनि मतदानको अधिकार दिएको छ। तीन वर्षभन्दा बढी कोरियामा बसोबास गरेको विदेशी नागरिकलाई स्थानीय निकायको निर्वाचनमा मतदानको अधिकार उपलब्ध गराइएको छ। त्यस्ता मतदाताको संख्या १,२६००० रहेका छन्। कोरियाले यो अधिकार दिएको भए पनि कोरियन नागरिकलाई अन्य देशले यो अधिकार नदिएको हुँदा रेसिप्रोसिटीको सिद्धान्तमा आधारित भएन भनी यस व्यवस्थाको व्यापक विरोध हुन लागेको पनि छ। यस निर्वाचनमा सत्तारूढ दल पिपुल पावर पार्टीले १०८ सिट जितेको छ भने विपक्षी दल डेमोक्रेटिक पार्टीले १७५ सिट जितेको छ। ३०० जना संसद् सदस्यमध्ये १३५ जना पहिलो पटक नयाँ व्यक्ति निर्वाचित भएका छन्। दक्षिण कोरियाली नागरिकले त्यहाँको निर्वाचन व्यवस्थापन निकाय र कर्मचारीतन्त्रमाथि निकै विश्वास गर्दछन्। कर्मचारीतन्त्र र निर्वाचन आयोगले जनआस्था वृद्धि गरेको पाइन्छ। साथै नागरिकले उच्च विश्वास र भरोसा गरेको देखिन्छ। राजनीतिक दल तथा उम्मेदवारमा पनि उच्च राजनीतिक संस्कार रहेको देखियो। निर्वाचनको दिन कुनै पनि ठाउँमा मतदान स्थगित भएन भने कुनै पनि स्थानमा निर्वाचन हिंसाका घटना भएको भएको पाइएन। आफ्नो दलले पराजय भोगे पनि त्यहाँको राष्ट्रपतिले जनताको चाहनालाई उच्च सम्मानका साथ स्वीकार गर्छु भनी अभिव्यक्ति दिए भने प्रधानमन्त्रीले निर्वाचन परिणाम आउनासाथ जनताको अभिमतलाई सम्मान गर्दै तुरुन्त राजीनामा दिए। कसैले कसैलाई दोषारोपण नगरी जनताको चाहना र अभिमतलाई स्वीकार गरेको अभिव्यक्ति दिई उच्च राजनीतिक संस्कारलाई अवलम्बन गरेको पाइयो।

स्वच्छ, स्वतन्त्र, विश्वसनीय र पारदर्शी निर्वाचनमार्फत सुशासन कायम गर्ने सवालमा नेपालको निर्वाचन आयोगले पनि दक्षिण कोरियाको निर्वाचन प्रणाली र व्यवस्थापन प्रक्रियाबाट धेरै कुरा सिक्न र अवलम्बन गर्न सक्ने अवस्था छ। निर्वाचन हुने दिनको पूर्वानुमानका लागि निर्वाचन हुने दिन कानुनमा नै तोक्नु आवाश्यक छ। त्यसै गरी निर्वाचन प्रचारप्रसारको अवधि घटाई मौन अवधिको व्यवस्थालाई हटाउनु आवश्यक छ। साथै अग्रिम मतदानको व्यवस्था गर्नु आवश्यक छ, जसले गर्दा निर्वाचनमा अधिकतम मतदाताको सहभागिता भई भोट टर्नआउट दर वृद्धि हुन सक्छ। हामीकहाँ मतदानको दिन सार्वजनिक यातायात बन्द गर्ने अभ्यास छ। यस व्यवस्थामा पनि अबको निर्वाचनमा पुनर्विचार गर्नुपर्ने अवस्था देखिन्छ। अबका दिनमा निर्वाचन व्यवस्थापनका हरेक चरणमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्ने कुरामा प्राथमिकता दिनु जरुरी छ, जसले गर्दा निर्वाचन स्वच्छ, पारदर्शी र विश्वसनीय हुन सक्छ। नेपालका कतिपय राजनीतिक दल र उम्मेदवारहरूमा राजनीतिक संस्कारको स्खलन हुँदै गएको हुँदा विगतका निर्वाचनमा निर्वाचनको स्वच्छतामा असर पर्ने कार्य भएका उदाहरण पनि छन्। कतिपय अवस्थामा निर्वाचनमा खटिएका कतिपय कर्मचारीले तटस्थ र निष्पक्ष भूमिका निर्वाह नगरिदिएको कारणले पनि समस्या सिर्जना भएको छ। राजनीतिक दल र उम्मेदवारले पनि अबका दिनमा उच्च राजनीतिक संस्कार अवलम्बन गर्नु आवश्यक छ भने निर्वाचनमा खटिने कर्मचारीले पनि कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष नलिई निष्पक्षता, तटस्थता र इमानदारी कायम राख्न सक्नु पर्छ, जुन कुरा हामीले दक्षिण कोरियाको निर्वाचन व्यवस्थापनबाट सिक्नुपर्ने कुरा छ।

दक्षिण कोरियामा परिपक्व प्रजातान्त्रिक संस्कार देखियो। अमेरिकी प्रोफेसर मार्क पिटर्सनले अप्रिल १५, २०२४ को द कोरियन टाइम्स पत्रिकाको आर्टिकलमा 'कङ्ग्राचुलेसन कोरिया अन एनोदर डिस्प्ले अफ डेमोक्रेसी विथ योर रिसेन्ट इलेक्सन, कोरिया इज मोर डेमोक्रेटिक देन माइ वन कन्ट्री द युनाइटेड स्टेट' भनी लेखिएको छ। यसले पनि निष्पक्षता र तटस्थता गणतन्त्र कोरियाको निर्वाचन आयोगको मूल मन्त्र सार्थकतामा परिणत भएको पाइन्छ। साथै नागरिकको अर्थपूर्ण सहभागिता र उचित निर्वाचन एवं उचित व्यवस्थापनबाट प्रजातन्त्रको अभिवृद्धि हुन्छ भन्ने मान्यता यथार्थमा परिणत भएको अनुभव गर्न सकिन्छ।

निर्वाचन लोकतन्त्रको मुटु हो। लोकतन्त्र समृद्ध बनाई नागरिकको जीवनस्तर सुधार्न सार्र्वजनिक हितलाई प्राथमिकतामा राखेर उम्मेदवार मनोनयन तथा निर्वाचित हुन सक्ने प्रणालीको विकास गर्नु जरुरी छ। नेपालमा निर्वाचन प्रणाली र निर्वाचन व्यवस्थापनमा सुधार गर्नु आवश्यक छ। यसका लागि सरकारले निर्वाचन आयोगलाई स्रोतसाधन सम्पन्न बनाउनु जरुरी हुन्छ। लगानीबिनाको प्रतिफलको आशा गर्नु मूर्खता हुन्छ। साथै सम्बन्धित सरोकारवालामा अनुशासन (डिसिपिलिन) र दृढ सङ्कल्प एवं समर्पण (डेडिकेसन) को पनि उत्तिकै जरुरत पर्छ। यस कार्यमा सम्बन्धित पक्ष सबैको समयमै ध्यान पुगोस्।

शल्यक्रिया कतिपटक ?

• **डा. बालकृष्ण साह**

आरती केसी (नाम परिवर्तन) ३२ वर्षीया गृहिणी हुन्। उनको खास घर भारतमा भए पनि केही वर्षदेखि श्रीमान्को रोजगारका कारण विराटनगर बस्दै आएकी छन्। उनकी ९ वर्षकी छोरी छन्। थप सन्तान नभएको पनि होइन। पहिलोमा सिजरियन गरे पनि उनले थप तीन पटक सिजरियन गरेर सन्तानहरूको जन्म दिइन्। तर सन्तानमा विविध समस्या भएर बचाउन सकेनन्।

३२ वर्षमै चार पटक सिजरियन र एक पटक एपेन्डिक्सको शल्यक्रिया। एकमात्र छोरी हुँदा थप सन्तानको कल्पना गर्नु स्वाभाविक हो। दुई सन्तानको चाहना गलत पक्कै थिएन। तर फेरि गर्भ र सिजरियन ? प्रश्न सोचनीय छ। बच्चा जन्माउने र वंश बढाउने कामलाई सामान्य भनिए तापनि यो एउटा जटिल प्रक्रिया हो। जटिलताको कारण आमा, बच्चा वा आमा र बच्चा दुवैको मृत्युसमेत हुने गरेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको मातृमृत्यु दर १५१ प्रतिलाख जन्म छ। अर्थात् एक लाख जीवित बच्चा जन्माउने क्रममा १ सय ५१ आमाको मृत्यु हुने गरेको छ। डेलिभरी अर्थात् बच्चा जन्माउने प्रक्रिया धेरै किसिमका हुन्छन्। प्राकृतिक रूपमा वा कुनै बाह्य सहयोगबिना हुने डेलिभरीलाई सामान्य वा 'नर्मल डेलिभरी' भनिन्छ। धेरै अवस्थामा नर्मल डेलिभरी हुने गर्छन्। नर्मल डेलिभरी हुन नसक्ने अवस्थामा आमा, बच्चा वा दुवैलाई जोगाउन औजार (भ्याकुम तथा फोरसेप) प्रयोग गर्ने अर्थात् सिजरियन सेक्सन (शल्यक्रिया) गरेर डेलिभरी गराउनुपर्ने हुन्छ। नर्मल हुन नसक्ने र औजार पनि प्रयोग गर्न नसकिने भएपछि प्रसव गराउने अन्तिम विकल्प भनेको शल्यक्रिया अर्थात् सिजरियन नै हो। पछिल्लो समयमा नर्मल डेलिभरीभन्दा सिजरियन डेलिभरी गराउनेको संख्या बढी हुने गरेको सुनिन्छ। सन् १९७० मा अमेरिकामा ४.५ प्रतिशतमा मात्र सीमित रहेको सिजरियन डेलिभरी सन् २०२२ मा सोही मुलुकमा ३२.१ प्रतिशत हुने गरेको अध्ययनले देखाएको छ। नेपालमा पनि सिजरियन डेलिभरीको दरमा उल्लेखनीय वृद्धि भएको देखिन्छ। स्वास्थ्य सेवा विभागको प्रतिवेदनअनुसार, नेपालमा सिजरियनको राष्ट्रिय औसत दर २०७३/०७४ मा १६ दशमलव ६० प्रतिशत रहेको थियो भने २०७७/०७८ मा यो २० दशमलव ५० प्रतिशत पुगेको छ। कोशी प्रदेश र बागमती प्रदेशमा यसको दर निरन्तर बढ्दै गएको देखिएको छ भने कर्णाली प्रदेशमा खासै परिर्वतन देखिएको छैन। प्रदेशअनुसार मात्र होइन, हरेक अस्पतालहरूमा एउटै दरमा सिजरियन हुने गरेका छैनन्। अस्पतालमा रहेको सुविधा, बिरामीको चाप र प्रकार अनि अस्पतालको नीतिले पनि सिजरियन हुने दरमा असर गर्न सक्छ। सिजरियन सुविधा नभएको स्वास्थ्य संस्थामा सिजरियन भएको नदेखिने हुन्छ भने यस्ता संस्थाबाट रिफर गर्ने अस्पतालमा सो बढी देखिने हुन्छ।

सिजरियनको सुरुवात कसरी भयो भन्नेमा एक मत देखिँदैन। विलियम्स् अब्सट्रेटिक्सको २२औं संस्करणमा सिजरियनको इतिहास उल्लेख गरिएअनुसार १०० बीसीभन्दा अगाडि नै जुलियस सिजरको जन्म पेट चिरेर गरेको र उनकै नामबाट 'सिजरियन' रहेको मान्यता छ। सन् १८६५ सम्म पनि सिजरियन डेलिभरीलाई सफल मानिएको थिएन। त्यस अवस्थामा बेलायतमा मात्र सिजरियन गर्दा आमाको मृत्युदर ८५ प्रतिशत थियो। त्यसबेला पाठेघर सिलाउने र रक्तस्राव रोक्ने प्रवृत्तिको राम्रो विकास भइसकेको थिएन। सन् १८८२ मा पाठेघर सिलाउन चाँदीको तारलाई प्रयोग गरेपछि सिजरियन डेलिभरीका लागि थप अवसरको विकास भयो। सन् १९१२ पछि पनि यसमा धेरै सुधार देखिएको छ र हाल गरिने सिजरियन डेलिभरी यसभन्दा बिल्कुलै फरक र सुरक्षित छ।

सिजरियन नै गर्नुपर्ने कारण धेरै छन्। आमाको पेल्भिस् सानो भएको अवस्थामा बच्चाको टाउको उक्त बाटो भएर आउन नसक्ने वा पेल्भिस् ठीकै भए पनि बच्चाको टाउको नै ठूलो भएको अवस्था सिजरियन डेलिभरीको प्रमुख कारण रहन्छ। बच्चा उल्टो, तेर्सो वा नमिलेको अवस्थामा भए पनि यो अवस्था आइपर्छ। बच्चाको मुटुको धड्कन सामान्यभन्दा कम वा बढी भएको, सालनाल पाठेघरको मुखमा रहेको, बेथा लगाएर पनि डेलिभरी नभएको जस्ता अवस्थामा पनि सिजरियन गर्नुपर्ने हुन्छ। पहिलो बच्चा जन्माउने उमेर बढी हुनु, बच्चाको अवस्थाको बारेमा जन्मनुभन्दा अगाडि नै थाहा पाउनु, औजार प्रयोग गरेर बच्चा जन्माउन नचाहनु, बच्चा उल्टो रहेको थाहा हुनुजस्ता कारणमात्र होइन, 'साइत' हेरेर बच्चा जन्माउने प्रवृत्तिले पनि सिजरियन गर्नुपर्ने हुन्छ।

गर्भवती महिलाले प्रसव पीडा सहन नसक्ने, चाँडै आत्तिने र जोखिममा बस्न नचाहने भएकाले पनि सिजरियन डेलिभरीको दर बढ्दै छ। बच्चाको अवस्थालाई निरन्तर निगरानी गर्न नसकिने अवस्थामा चिकित्सकले पनि जोखिम लिएर नर्मल डेलिभरीका लागि पर्खन नसक्ने बाध्यता हुन्छ। आजभोलि मानिस व्यस्त हुने र योजना बनाएर गर्भ राख्ने अनि सो गर्भका लागि सानो जोखिम लिन नचाहने भएकाले दम्पतीले नै सिजरियनका लागि अनुरोध गर्ने गरेको पाइन्छ। सुत्केरीका लागि अस्पतालमा भर्ना भएका गर्भवती वा बच्चामा कुनै असर देखिएमा अस्पताल र चिकित्सकमाथि नै हातपातसमेत हुन सक्ने भएकाले चिकित्सक र अस्पतालले समेत धेरै कुराउनुभन्दा सिजरियन रोज्ने गरेको पाइन्छ।

सिजरियन गर्ने तर कति पटक ? प्रश्न सामान्य छ, उत्तर सबै अवस्थामा सरल हँदैन। अहिलेको अवस्थामा दम्पतीले धेरै सन्तानको कल्पना गर्दैनन्। नेपालको औसत प्रजनन दर २.३ हुनुले पनि प्रायः दम्पतीले दुई सन्तानको चाहना राखेको देखाउँछ। दुई पटक सिजरियन गरेर नै प्रसव गराउन चाहिँ गाह्रो नहोला। तर सधैं त्यसो हुन पाउँदैन। रोग, दुर्घटना तथा विविध कारणले आमाहरू सन्तान गुमाउन बाध्य छन्। कतिलाई थप सन्तानको चाहना हुन्छ। यस अवस्थामा नर्मल डेलिभरी भएको छ भने खासै तनाव रहँदैन। तर पहिले सिजरियन गरेको छ भने कतिपटक सिजरियन गर्न सकिन्छ ? भन्ने प्रश्न उठ्छ। पटक-पटक सिजरियन गर्दा जटिलता बढ्छ। मुख्यरूपमा सालनाल (प्लासेन्टा)सँग सम्बन्धित जटिलता हुने, पाठेघरसँग अन्य अंग टाँसिएर जटिलता आउने र चिरेको खतले जटिलता थप्ने हुन सक्छ। यिनै कारण अत्यधिक रक्तस्राव हुने, पिसाबथैली/आन्द्रामा घाउ हुने, हर्निया हुने, रगत दिनुपर्ने तथा पाठेघर नै फाल्नुपर्ने अवस्था आउन सक्छ।

सन्तान कति पाउने, कति फरक गर्ने जस्ता निर्णय स्वास्थ्यसँग मात्र सम्बन्धित हुँदैन। सामाजिक र व्यावहारिक तरिकाले पनि सोच्ने गरिन्छ। थोरै तर राम्रो सन्तानको चाहना सबैलाई हुन्छ। जन्म दिएर मात्र हुँदैन, तिनको लालनपालन र भविष्य पनि समयमै सोच्नुपर्छ। परिस्थिति फरक भए २-३ पटकपछि सिजरियन सम्भव नै हुँदैन भनेर तनाव लिनु पर्दैन।

इद पर्वको अवसरमा शुभकामना आदानप्रदान

बिर्तामोड(प्रस) । नेपाल मुस्लिम संघ झापाको आयोजनामा इद पर्वको अवसर पारेर शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य अब्दुल सतारको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कुरान वाचन मोहम्मद चौधरी मियाँले गराएका थिए ।

नेपाल मुस्लिम संघ
ईद मिलन
तथा
शुभकामना आदान प्रदान कार्यक्रम

नेपाल मुस्लिम संघ झापाका अध्यक्ष सफिउल्ला अन्सारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल मुस्लिम संघका केन्द्रीय अध्यक्ष अताबुल मन्सुरी, नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाई, नेपाल मुस्लिम एतिहाद संठनका केन्द्रीय सचिव अफ्रोज खान,नेपाली कांग्रेस झापाका सदस्य सेलेतुन खातुन, बिर्तामोड नगर सभापति भोजराज सिटौला, अफरोज खान, मेघराज बास्तोला, उद्योग बाणिज्य संघ बिर्तामोडका अध्यक्ष राजु न्यौपानेलगायतले शुभकामना मन्तब्य राखेका थिए । एजाज अहमद अन्सारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन रेश्मा खातुनले गरेकी थिइन् ।

चलचित्र क्षेत्रमा उदाउँदै बबिता

झापा(प्रस)। बबिता पोखेल चलचित्र तथा मोडलिङ क्षेत्रको एउटा उदीयमान कलाकारको नाम हो ।

करिब ३ वर्षअघि रामेछापको लिखुतामा कोशी गाउँपालिका वडा नम्बर ७ बाट पढाईको सिलसिलामा काठमाडौं आएकी बबिताले कलाकै कारण एकपछि अर्को सफलता हात पार्दै आएकी छन् ।

राम्रो नृत्य गर्ने भएकै कारण उनलाई यस क्षेत्रमा चिनाउन समय लागेन । स्कुल पढ्दादेखि नै अध्यनसंगै नृत्यमा अब्बल बबिता अहिले देश विदेशका विभिन्न सांगीतिक कार्यक्रम तथा शोहरुमा सहभागी हुँदै आएकी छन् ।

सानैदेखि नृत्यमा रुचि भएकी बबिताका बुवाआमाले पनि छोरी कलाकार भएको हेर्न चाहन्थे । बुवा कृष्णबहादुर पोखेल र आमा साबित्रा पोखेल र आफ्नो सपना पूरा गर्न राजधानी काठमाडौ छिरेकी बबिता पढाईसंगै कला क्षेत्रमा अब्बल छिन् । २०५८ साल चैत्र २ गते जन्मिएकी उनी क्षमतावान मोडल तथा कलाकार हुन् ।

दुई वर्षअघि गायक तिलक बस्नेत, गायिका एलिना चौहान र पुनम मोतेको 'ह्याप्पी क्रिसमस' बाट म्युजिक भिडियोमा डेव्यु गरेकी बबिताले हालसम्ममा 'कति राम्रो रामेछापको सिन', 'सानु तिमीलाई', 'मनको चाहाना', 'चौका दाउ'लगायत दर्जनौ म्युजिक भिडियोमा अभिनय गरिसकेकी छन् । उनीसंग हिन्दी चलचित्र 'रंगी बिरंगी' लगायतमा काम गरिसकेको अनुभव पनि छ ।

कलाकारिताको क्षेत्रमा मेहनतका साथ आफू अघि बढिरहेको बबिताको भनाई छ । उनी अहिले काठमाडौंको क्याम्ब्रिज ईन्टरनेशनल कलेजमा व्याचलर तहमा अध्ययन गर्दै छिन् । मोडल तथा कलाकार बबिताले पछिल्लो समय पढाईसंगै आफू विभिन्न भिडियोमा व्यस्त रहेको जानकारी दिएकी छन् ।

नेपाली चियाको...

सम्बन्धित पक्षको ध्यानाकर्षण गराएका थिए । भारतले चिया निर्यातमा अवरोध गरेलगत्तै भारतको पश्चिम बंगालको पानीट्यांकीमा चिया लोड भएका झण्डै १६ वटा मालवाहक सवारसाधन बाटैमा र एउटा नेपालको मेची भन्सार कार्यालय काँकरभिट्टा परिसरमा थन्किएको चिया व्यवसायी एवम् मेची भन्सार एजेन्ट रोशन अग्रवालले जानकारी दिए । शुरुमा ५ प्रतिशत कन्साइमेन्ट परीक्षण गर्दा चिया निर्यात गर्न पाईने प्रावधान थियो । अहिले यसमा भारत सरकारले शतप्रतिशत चिया परीक्षण गर्नुपर्ने नियम अघि सारेपछि आफूहरु मारमा परेको नेपाली चिया व्यवसायीहरुको गुनासो छ ।

'पहिला एकपटक खाद्य परीक्षण गरेपछि त्यो परीक्षणको नतिजा अनुसार लामो समयसम्म चिया निकासी गर्न पाईन्थ्यो' एकजना व्यवसायीले भने,'भारतको नयाँ नीति अनुसार अब त्यो संभव छैन्, जति पटक चिया निकासी गरिन्छ वा प्रत्येक पटक कन्साईन्मेन्ट ल्याब परीक्षण गर्नुपर्छ ।' मेची उद्योग बाणिज्य संघ मेचीनगरका अध्यक्ष खेमराज प्रसाईले भारतले नेपाली चिया निकासीमा अवरोध पुर्‍याएको बताउँदै भारतले भनेजस्तो गरी चिया निकासी गर्न नेपाली व्यवसायीलाई सहज नभएको प्रतिक्रिया दिए ।' चियाको गुणस्तर परीक्षणका लागि पानीट्यांकीमा प्रयोगशाला छैन' अध्यक्ष प्रसाईले भने,'चियाको नमूना (स्याम्पलिङ) लिएर गुणस्तर परीक्षणका लागि कलकत्ताको केन्द्रीय प्रयोगशाला पठाउनुपर्छ । त्यसको रिपोर्ट आउन १२ देखि १५ दिनसम्म लाग्छ । रिपोर्ट नआईञ्जेल सवारीसाधन बाटैमा हुन्छन् । त्यसले व्यवसायीहरुको पनि खर्च बढ्छ र उनीहरुलाई आर्थिक भार पनि पर्न जान्छ ।' यसले गर्दा व्यवसायीहरुको ढुवानी भाडासमेत बृद्धि हुने उनको भनाई छ । रिपोर्ट आउन झण्डै दुई साता लाग्ने भएकाले चिया समेत बिग्रिने वा गुणस्तरमा प्रश्न चिन्ह खडा हुने चिन्ता व्यवसायीहरुमा छ ।

नेपालको सीमासँगै रहेको भारतको पश्चिम बंगालको पानीट्यांकी नाकामा प्रयोगशाला नभएकै कारण यसअघि भारतले चियाको परीक्षणमा सहज बनाईदिएको भए पनि अहिले अनिवार्य प्रत्येक निकासी पत्र अनुसार परीक्षण गर्नुपर्ने बाध्यताले व्यवसायी मारमा परेका छन् । भारतमा सवारीसाधन रोकिएपछि ती सवारीसाधनलाई व्यवसायीले दैनिक ३ हजार भारतीय रकम थप रकम तिर्नुपर्ने व्यवसायी अग्रवालको भनाई छ । झापालगायत अन्य जिल्लाका किसानले नगदेवालीको रुपमा खेती गरिरहेको चियाको मुख्य बजार भारत नै भए पनि निकासीमा वर्षेनि भारतीय अवरोध भइरहेको छ । निकासीको मुख्य सिजनमै भारतीय पक्षले चिया निकासीमा विभिन्न बहाना झिकेर अवरोध खडा गर्दा वर्षेनि किसान र व्यापारीले नोक्सानी खेपिरहेको व्यवसायी रोशन अग्रवाल बताउँछन् ।

नेपाली चिया आयातमा भारतले समस्या खडा गरेपछि सयौ मजदुरको रोजगार गुम्ने मात्र नभई नेपाल सरकारले वर्षेनि आर्जन गर्ने विदेशी रकमसमेत कम हुने नेपाली सरकारी अधिकारीहरुले चिन्ता व्यक्त गरेका छन् ।उच्च गुणस्तरको चियामा भारतीय पक्षले विभिन्न बहाना बनाएर निकासीमा अवरोध गरिरहेको भन्दै व्यवसायीले समस्या समाधानका लागि आग्रह गरेका छन् ।

मेची भन्सार कार्यालय काँकरभिट्टाले गुणस्तरको नाममा भारतले नेपाली चिया निर्यातमा रोकेको पुष्टि गरेको छ । यस विषयमा भारतीय समकक्षीहरुसँग पटक पटक छलफल भईरहेको कार्यालयका प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीले जानकारी दिए । यो समय चिया उत्पादन हुने मुख्यः सिजन हो । भन्सार अधिकारीका अनुसार भारतीय भन्सारका अधिकारीले नेपालमा उत्पादित चिया विभिन्न बहाना गरेर भारत प्रवेशका लागि अनुमति दिएका छैनन् । भारतीय भन्सारले चिया भित्रिन रोक्नुको स्पष्ट कारण भने गुणस्तर नै खुलाएको अधिकारीहरुको भनाई छ ।

मेची भन्सार कार्यालय काँकरभिट्टाले आवश्यक सहजीकरणका लागि अनुरोध गरेको छ । नेपालबाट निकासी हुने सामान भारतीय पक्षले विभिन्न बहानामा रोक्ने गरेको छ । भारतमा दार्जीलिङकै चिया उपभोग गर्ने नीतिअनुसार नेपालको चियालाई अवरोध गरेको मेची उद्योग बाणिज्य संघका अध्यक्ष प्रसाईको दाबी छ । ' भारत सरकारले नीतिगत रूपमा नेपालबाट चिया आयात नगर्ने निर्णय नगरे पनि निकासीमा समस्या भइरहेको छ', उनले भने ।

केही व्यवसायीले ल्याब परीक्षणको प्रतिवेदन

❖ बाँकी अन्तिम पृष्ठमा

एनएमसीले दियो कर्जा बुझाउन छुट

झापा(प्रस) । देशकै अग्रणी सहकारीका रुपमा स्थापित नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी) ले आफ्ना ऋणी सदस्यहरुका लागि आकर्षक छुट सुविधा लागू गर्ने भएको छ । विगतमा कोभिड १९ महामारी तथा पछिल्लो आर्थिक कारोबारमा संकुचन आई उद्योग, व्यापार र लगानीबाट अपेक्षित आम्दानी हुन नसकी संस्थाको कर्जा बुझाउन अप्ठ्यारोमा परेका सदस्यहरुका लागि यो छुट सुविधा ल्याएको संस्थाले जनाएको छ । विगतमा कर्जा उपभोग गरेका सदस्यहरुमध्ये विभिन्न कारणबाट कर्जाको नियमित किस्ता बुझाउन छुट भएका, किस्ता बुझाउने भाखा नाघेका र कर्जा हर्जाना समेत गणना भएको अवस्थामा सदस्यहरुलाई कर्जा भुक्तानी गर्न, कर्जालाई नियमित गर्न सहयोग पुग्ने उद्देश्यले यस प्रकारको छुट सुविधा दिइएको संस्थाका प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेतीले बताए ।

यस छुट सुविधाअन्तर्गत कर्जा उपभोग गरेका सदस्यहरुले आफ्नो भाखा नाघेको कर्जा एकमुष्ठ चुक्ता गर्न चाहेमा ब्याज तथा हर्जानामा २५ प्रतिशत छुट सुविधा प्राप्त गर्नेछन् भने सदस्यले भाखा नाघेको कर्जा चुक्ता नगरी साविकको ब्याज तथा हर्जाना बुझाई कर्जालाई नियमित गर्न चाहेमा हर्जानामा ५० प्रतिशत छुट सुविधा प्राप्त गर्नेछन् ।

संस्थाले चैत १५ गतेदेखि लागू हुनेगरी कर्जाका विभिन्न प्रोडक्टहरुलाई ०.४० देखि १.०० प्रतिशत सम्म ब्याजदर कम गरेको थियो । संस्थाले सदस्यहरुलाई उद्यमशीलतामा प्रोत्साहन गर्न र व्यापार व्यसाय सञ्चालन गर्न यसै आर्थिक वर्षदेखि १२ प्रतिशत ब्याजदरमा १० लाख रुपैयाँसम्मको लघु कर्जा समेत छिटो र छरितो प्रकृयाबाट लगानी गर्दै आएको छ । संस्थाको हाल बचत तथा ऋण कारोबारतर्फ झापामा ४५ वटा, इलाममा ६ वटा र मोरङमा ७ वटा सेवाकेन्द्रहरु गरी जम्मा ५८ वटा सेवाकेन्द्रहरु सञ्चालनमा रहेका छन् ।

nmc for good culture & prosperity
NMC coop 1994

एनएमसी कोशी प्रदेशकै उत्कृष्ट सहकारी सहकारी संस्थाहरुमध्ये देशकै स्थापित सहकारी संस्थाको रुपमा परिचित एनएमसी उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०८० बाट सम्मानित हुने भएको छ । राष्ट्रिय सहकारी महासंघ नेपालबाट चैत २० गते राष्ट्रिय सहकारी दिवसका अवसरमा एनएमसीलाई सात प्रदेशमध्ये कोशी प्रदेशको उत्कृष्ट सहकारीको रुपमा सम्मानित गरिने घोषणा गरिएको हो । वि.सं. २०५० सालमा स्थापित एनएमसी विगतदेखि नै विभिन्न पुरस्कार तथा सम्मानहरुबाट सम्मानित हुँदै आएको छ । एनएमसीले बचत तथा ऋणसँगै डेरी व्यवसाय, एनएमसी एग्रो फार्म, सहकारी पसल र चिया उद्योग सञ्चालन गर्दै आएको छ । नेपालमा सञ्चालनमा रहेका सहकारीहरुमध्ये बहुउद्देश्यीय प्रकृतिको सहकारीले गरेको व्यवसाय विविधिकरणको अभ्यासमा एनएमसी नमुना संस्थाको रुपमा परिचित रहेको छ ।

हनुमान जन्मोत्सवमा निशान शोभायात्रा हुने

बिर्तामोड(प्रस) । हनुमान जन्मोत्सव २०८१ को अवसरमा बिर्तामोडमा भव्य निशान शोभायात्रा हुने भएको छ ।



यहि बैशाख १० गते बिहान ९ बजेबाट बिर्तामोडस्थित बालाजी मन्दिरबाट निशान शोभायात्रा सुरु भई मुक्तिचोक, पूर्व बस स्टेण्ड, भद्रपुर बस स्टेण्ड अधुवा पुल ,पुनः मुक्ति चोक हुँदै बालाजी मन्दिरमा पुग्ने कार्यक्रम रहेको बालाजी मन्दिरका संयोजक नबिन गोयलले जानकारी दिए । हनुमान जन्मोत्सवको अवसरमा प्रत्येक बर्ष कार्यक्रम गरिँदै आएको गोयलले जानकारी दिए ।

त्यस्तै १० गते साँझ ८ बजेदेखि भारतको कोलकताबाट आउने भजन गायिका पुजा नथानीद्वारा भजन प्रस्तुत हुने र ८ बजेपछि भण्डारा प्रसाद वितरण हुने जनाइएको छ ।

त्यस्तै ११ गते पाठ तथा भोग महाप्रसाद एवं भण्डारा कार्यक्रम गरिने जनाइएको छ ।

११ गते बिहान ७ बजेदेखि गणेश पुजन, चोला स्नान सवामणि, छप्पन भोग, सुन्दरकाण्ड, हनुमान चालीसा तथा हवन लगायतका कार्यक्रम गरिने छ।सोही दिन साँझ ७ बजेदेखि भारतको कटिहारबाट आउने प्रख्यात गायक आदर्श दाधिचद्वारा भजन प्रस्तुती र त्यसपश्चात् भण्डारा प्रसाद वितरण गरिने जनाइएको छ ।

निशान शोभायात्रामा ४ सय बढी सहभागी हुने आयोजकले अपेक्षा गरेको छ । कार्यक्रममा सहभागी हुन सबै धर्मावलम्बीहरुलाई आयोजकले आग्रह गरेको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

बिर्ता सेफ्टी तथा ढल सफाई

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

वृष आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

मिथुन धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

कर्कट आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

सिंह सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

कन्या रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

तुला आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

वृश्चिक हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

धनु आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

मकर आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

कुम्भ आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

मिन आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।